(दफा ४ तथा अनुसूची १ को भाग २ संग सम्बन्धित)

बुढीनन्दा नगरपालिका द्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड १ | संख्या : ६ | मितिः २०७७/०९/२८ गते

## नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०७७/०९/२३

## भागः २

# बुढीनन्दा नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन,कार्यविधि २०७७

बुढीनन्दा नगरपालिकाद्धारा सञ्चालित योजना तथा कार्यक्रमहरुलाई अनुगमन तथा मूल्याङ्कनको माध्यमबाट पारदर्शी, दीगो र जनसहभागीता मूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजा मुखि बनाउन वान्छनीय भएकाले, स्थानीय सरकार सञ्चाचलन ऐन, २०७४ को दफा १०२ बमोजिम बनेको बुढीनन्दा नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) नियमावली, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी बुढीनन्दा नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम बुढीनन्दा नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि २०७७ रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषण : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) कार्यविधि भन्नाले बुढीनन्दा नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि २०७७ लाई सम्झनु पर्छ ।

(ख) नगरपालिका भन्नाले बुढीनन्दा नगरपालिकाको कार्यालय,कोल्टी बाजुरालाई सम्झनुपर्छ

(ग) अनुगमन भन्नाले योजना आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ वा छैन भनी नगरपालिका द्धारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरु द्धारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्छ ।

(घ) मुल्याङ्कन भन्नाले कार्यान्वयन गरिएका योजना आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलब्धी एवं प्रभावहरु हासिल भएका छन भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) अनुगमन मूल्याङ्कन समिति भन्नाले दफा ३ उपदफा १ बमोजिम गठित नगरपालिकाको अनुगमन तथा मूल्याङ्कन समिति समझनु पर्छ ।

## परिच्छेद २

## अनुगमन तथा मूल्याङ्कन समिति

३.अनुगमन तथा मूल्याङ्कन समिति : (१) नगरपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखि बनाउन देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगरपालिकाको उपप्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) पूर्वाधार विकास शाखा प्रमुख ईन्जिनियर | सदस्य |
| (घ) कार्यक्रमहरुको हकमा शाखा प्रमुख वा प्रतिनीधि | सदस्य |
| (ङ)योजना तथा अनुगमन शाखाको प्रमुख | सदस्य सचिव |
| (च) अन्य आमन्त्रीत (आवश्यकता अनुसार) | सदस्य |

तर उक्त समितिका सदस्यका अतिरिक्त योजनाहरुको गुणस्तरीयता कायम गर्नका लागी नगरपालिका प्रमुख स्वयम् वा प्रतिनिधि खटाई योजनाहरुको विशेष अनुगमन गर्न वाधा पुगेको मानिने छैन ।

(२) नगरपालिका वा वडा स्तरमा सञ्चालित रु. ५ लाख भन्दा बढिका योजनाहरुको हकमा योजना सार्वजनिक परिक्षण गर्दा नगरपालिका बाट तोकिएका प्रतिनिधिको रोहवरमा गर्नु

पर्नेछ । र सो समयमा योजना अनुगमन समितिका पदाधिकारीको समेत सहभागीताको लागी प्रयास गरिने छ ।

(३) वडा स्तरमा सञ्चालित योजना आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखि बनाउन देहायका सदस्यहरु रहेको एक वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ । सो समितिले वडामा सञ्चालित कुनै पनि योजनाहरुको अनुगमन मूल्लयाङ्कन निरन्तर रुपमा गर्नु पर्नेछ । उक्त अनुगमनमा देखिएका कुराहरु नगरपालिका स्तरीय अनुगमन समिति समक्ष पेश गरिनेछ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडाको अध्यक्ष | संयोजक |
| (ख) वडा सदस्यहरु | सदस्य |
| (ग) सम्बन्धित वडाको प्राविधिक | सदस्य |
| (घ) वडा सचिव | सदस्य सचिव |

(४) वडा स्तरीय योजनाको अनुगमन सुपवेक्षण गर्दा पालिका स्तरको अनुगमन समितिमा सम्बन्धीत वडाका वडा अध्यक्षलाई आमन्त्रीत सदस्यको रुपमा राख्न सकिनेछ ।

४. अनुगमन तथा मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकार

(१) दफा ३ को उपदफा १ बमोजिम गठित नगरपालिका स्तरको अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिका र वडा अन्तरगत सञ्चालित रु.१० लाख सम्मका आयोजना तथा कार्यक्रमको नियमित वा अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा नगर सभा तथा नगर कार्यपालिका बाट भएका निर्णय तथानिर्देशनहरु कार्यान्वयनगर्ने, गराउने ।

(ग) योजना आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन तयार गरी पेश गर्ने ।

(ङ) नगर सभा नगर कार्यपालिका तथा नगर प्रमुखले तोकेको अन्य कार्यहरु गर्ने ।

(च) अन्तिम अनुगमन तथा मूल्याङ्कनका क्रममा उपभोक्ता समिति वा प्राविधिक बाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमी कमजोरी गरेको वा प्राविधिक स्टिमेट बमोजिमको कार्य नभएको पाईएमा कार्वाहीका लागी सिफारिस गर्ने ।

(२) दफा ३ को उपदफा ३ बमोजिम गठित वडा स्तरको अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वडास्तरमा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा नगर सभा तथा नगर कार्यपालिका बाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममाउत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) वडा स्तरमा संचालित रु.१० लाख सम्मका आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन तयार गरी योजना फरफारकको लागि नगरपालिकामा पेश गर्ने ।

(ङ) नगर सभा नगर कार्यपालिका तथा नगर प्रमुखले तोकेको अन्य कार्यहरु गर्ने ।

(च) अन्तिम अनुगमन तथा मूल्याङ्कनका क्रममा उपभोक्ता समिति वा प्राविधिक बाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमी कमजोरी गरेको वा प्राविधिक स्टिमेट बमोजिमको कार्य नभएको पाईएमा कार्वाहीका लागी नगरपालिकामा सिफारिस गर्ने ।

५. आयोजनाको प्रभाव मूल्याङ्कन : (१) रु. ५ करोड भन्दा बढी लागतका आयोजनाहरुको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराउनु पर्छ ।

(२) नगरपालिका वा वडा स्तरीय योजनाहरु मध्ये रु.१० लाख भन्दा कम लागतका योजनाहरुको हकमा वडा समिति बाटै गरिएको अनुगमन मूल्याङ्कनका आधरमा प्राप्त प्रतिवेदन सहितको सिफारिसका आधारमा रकम भुक्तानीका लागी सिफारिस गर्नेछ ।

(३) वडा स्तरीय समितिबाट प्राप्त अनुगमन मूल्याङ्कनका आधारमा भएको सिफारिस उपर कुनै गुनासो आएमा वा आवश्यक ठानेमा नगरपालिका स्तरीय समितिबाट अनुगमन गरिनेछ

## परिच्छेद ३

## अनुगमन तथा मूल्याङ्कन सुविधा

६. अनुगमन तथा मूल्याङ्कन सुविधा : दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुको देहायको दरमा अनुगमन सुविधा प्राप्त गर्नेछन् ।

(क) अनुगमन समितिका पदाधिकारीलाई प्रतिव्यक्ति रु. १०००। ऋनुगमन भत्ता उपलब्ध गराइनेछ ।

(ख) अनुगमनको लागि यातायातको व्यवस्था नगरपालिकाबाट गर्नु पर्नेछ ।

## परिच्छेद ४

## अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन

७. अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन : दफा ३ को उपदफा (१) बमोजिम गठित अनुगमन तथा मूल्याङ्कन समितिले अनुसूचि १ बमोजिमको ढाँचामा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी नगरपालिका प्रमुख मार्फत कार्यपालिका बैठकमा पेश गर्नुपर्नेछ ।

८. प्रतिवेदन पेश गर्ने अवधि : दफा ३ को उपदफा १ बमोजिमको समितिले अनुसूचि १ बमोजिमको प्रतिवेदन नगरपालिका बैठक समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद ५

९. बाधा अड्काउ फुकाउ तथा संशोधन : (१) यो कार्य विधि कार्यान्वयनको सन्दर्भमा कुनै वाधा अडकाउ परेमा नगरपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही नगर कार्यपालिकाको हुनेछ ।

**अनुसुची १**

**परिच्छेद ४ को उपदफा (घ) सँग सम्बन्धीत**

**बुढीनन्दानगरपालिकानगर कार्यपालिकाको कार्यालय**

**कोल्टी,बाजुरा**

नगर पालिका स्तरीय अनुगमन प्रतिवेदन

मिति :

१. योजनाको नाम :

२. योजना सञ्चालन गरीएको स्थान :

३. योजना सम्झौता भएको मिति :

४.योजना सम्पन्न गर्नुपर्ने मिति :

५. योजना सञ्चालन गरीएको मिति :

६. योजना सम्पन्न गरीएको मिति :

७. योजना अनुगमन गरीएको मिति :

८. योजनाका लागी विनियोजित कुल बजेट :

९. योजनामा भएको वास्तविक खर्च :

१०. अनुगमन विधि :

११. योजनामा जुटेको श्रमदान :

१२. योजनाको भौतिक अवस्था :

१३. योजनाबाट प्राप्त उपलब्धीहरु :

१४. योजनामा सुधार गर्नुपर्ने पक्षहरु :

१५. उपभोक्ता अपेक्षा :

१६. योजनाको दिर्घकालिन सम्भार निति :

१७. अनुगमनमा सहभागी संख्या :

निष्कर्ष :

| अनुगमन गर्नेः | हस्ताक्षर |
|---|---|
| अनुगमन संयोजक श्रीः | |
| अनुगमन सदस्य : श्री | |
| अनुगमन सदस्य : श्री | |
| अनुगमन सदस्य : श्री | |

**अनुसुची २**

**परिच्छेद ४ को उपदफा (घ) सँग सम्बन्धीत**

**बुढीनन्दानगरपालिकानगर कार्यपालिकाको कार्यालय**

**कोल्टी,बाजुरा**

वडा स्तरीय अनुगमन प्रतिवेदन

मिति :

१. योजनाको नाम :

२. योजना सञ्चालन गरीएको स्थान :

३. योजना सम्झौता भएको मिति :

४.योजना सम्पन्न गर्नु पर्ने मिति :

५. योजना सञ्चालन गरीएको मिति :

६. योजना सम्पन्न गरीएको मिति :

७. योजनाअनुगमन गरीएको मिति :

८. योजनाका लागी विनियोजित कुल बजेट :

९. योजनामा भएको वास्तविक खर्च :

१०. अनुगमन विधि :

११. योजनामा जुटेको श्रमदान :

१२. योजनाको भौतिक अवस्था :

१३. योजनाबाट प्राप्त उपलब्धीहरु :

१४. योजनामा सुधार गर्नुपर्ने पक्षहरु :

१५. उपभोक्ता अपेक्षा :

१६. योजनाको दिर्घकालिन सम्भार निति :

१७. अनुगमनमा सहभागी संख्या :

निष्कर्ष :

अनुगमन गर्नेहरुको सहिछाप

अनुगमन संयोजक: श्री

अनुगमन सदस्य : श्री

अनुगमन सदस्य : श्री

अनुगमन सदस्य : श्री

अनुगमन सदस्य : श्री

**आज्ञाले**

**शेर बहादुर वुढा**

**प्रमुख प्रशासकिय अधिकृत**